# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं, फागुन २७ गते २०३६ साल [ संख्या ४६

श्री ५ को सरकार

### शिक्षा मन्त्रालयको

### सूचना

शिक्षा (छैठौं संशोधन) नियमावली, २०३६

शिक्षा नियमावली, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "शिक्षा (छैठौं संशोधन) नियमावली २०३६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. शिक्षा नियमावली, २०२८ को नियम ७ मा संशोधनः शिक्षा नियमावली, २०२८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ७ को उप-नियम (१) को,–

(१) खण्ड (क) मा रहेको "३ महीनाभित्र" भन्ने शब्दहरूको सट्टा "एक वर्षभित्र" भन्ने शब्दहरू राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (ख)मा रहेको "४ महीनाभित्र" भन्ने शब्दहरूको सट्टा "एक वर्षभित्र" भन्ने शब्दहरू राखिएका छन् ।

(३) खण्ड (ग)मा रहेको "६ महीनाभित्र" भन्ने शब्दहरूको सट्टा "एक वर्षभित्र" भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल नियमावलीको नियम ६ मा संशोधनः मूल नियमावलीको नियम ६ को अन्तमा रहेको "प्रदान गर्नेछ" भन्ने शब्दहरूको सट्टा "प्रदान गर्न सक्नेछ" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल नियमावलीको नियम १३ मा संशोधनः मूल नियमावलीको नियम १३ को उप-नियम (२) को खण्ड (द) को सट्टा देहायको खण्ड (द) राखिएको छः–

"(द) जिल्लालाई निकासा हुने शिक्षक दरबन्दी संख्याको परिधिभित्र रही प्रत्येक विद्यालयको छात्र संख्या, कक्षा संख्या र विषय आदिको विचार गरी विभिन्न स्तरको शिक्षक र कर्मचारीहरूको आवश्यक दरबन्दीको सृजना गर्ने,"

५. मूल नियमावलीको नियम १४ क. मा संशोधनः मूल नियमावलीको नियम १४ क. को उप-नियम (२) को,–

(१) खण्ड (क) को उपखण्ड १, २ र ३ को सट्टा देहायको उपखण्ड १, २ र ३ राखिएका छन्:–

(१) प्रधानपञ्च वा निजले तोकेको व्यक्ति – अध्यक्ष

(२) सम्बन्धित गाउँ पञ्चायत वा नगर पञ्चायतबाट सिफारिश गरिएका अभिभावकहरूमध्येबाट जिल्ला शिक्षा अधिकारीबाट मनोनीत दुई व्यक्ति – सदस्य

(३) विद्यालयलाई आर्थिक सहयोग गर्ने व्यक्तिहरूमध्येबाट जिल्ला शिक्षा अधिकारीबाट मनोनीत दुई जना– सदस्य

(२) मूल नियमावलीको नियम १४ क. को उप-नियम (२) को खण्ड (ख) को उपखण्ड १, २ र ५ को सट्टा देहायको उपखण्ड १, २ र ५ राखिएका छन् ।

(१) स्थानीय प्रधानपञ्च वा निजले तोकेको व्यक्ति – अध्यक्ष

(२) सम्बन्धित गाउँ पञ्चायत वा नगर पञ्चायतबाट सिफारिश गरिएका अभिभावकहरूमध्येबाट जिल्ला शिक्षा अधिकारीबाट मनोनीत दुई जना – सदस्य

(५) जिल्ला शिक्षा अधिकारीबाट मनोनीत सम्बन्धित विद्यालयको शिक्षक प्रतिनिधि एक जना – सदस्य

(३) खण्ड (ख) को उपखण्ड (६) पछि देहायको उपखण्ड (७) थपिएको छः–

(७) स्थानीय शिक्षाप्रेमीहरूमध्येबाट जिल्ला शिक्षा समितिबाट मनोनीत एक जना – सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मूल नियमावलीको नियम १४ ख. मा संशोधनः मूल नियमावलीको नियम १४ ख. को,–

(१) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः–

"(छ) विद्यालयको कुनै शिक्षक तथा कर्मचारीलाई राम्रो काम गरेको खण्डमा विभूषण पुरस्कार दिने र नराम्रो काम गरेको खण्डमा नसीहत दिन जिल्ला शिक्षा अधिकारीमार्फत् सिफारिश गरी जिल्ला शिक्षा समितिमा पठाउने,"

(२) खण्ड (ठ) पछि देहायको खण्ड (ड), (ढ), (ण) र (त) थपिएका छन्ः–

"(ड) जिल्ला शिक्षा समितिबाट पारित बजेटको परिधिभित्र रही खर्च गर्ने, गराउने,

(ढ) विद्यालयको स्वीकृत दरवन्दी खालि भएमा प्रधानअध्यापकको सिफारिशमा बढीमा तीन महीनाको लागि अस्थायी नियुक्ति गर्ने गराउने र जिल्ला कार्यालय, शिक्षा शाखालाई त्यसको जानकारी दिने,

(ण) परीक्षणकालमा रहेका शिक्षकहरूको नियुक्ति सदर गर्न सिफारिश गर्ने,

(त) विद्यालयमा बराबर छड्के निरीक्षण गरी त्यसको प्रतिवेदन जिल्ला कार्यालय, शिक्षा शाखामा पठाउने ।"

७. मूल नियमावलीको नियम १४ घ. मा संशोधनः मूल नियमावलीको नियम १४ घ. को खण्ड (क) मा रहेको प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छः–

"तर सहयोग समितिको अध्यक्ष वा जिल्ला कार्यालय, शिक्षा शाखाले निर्देशन दिएमा सदस्य-सचिवले अविलम्ब बैठक बोलाउनु पर्नेछ । यसरी सहयोग समितिको बैठक बोलाउन दुई पटक आदेश दिंदा पनि सदस्य-सचिवले बैठक नबोलाएमा अध्यक्षले वा जिल्ला कार्यालय, शिक्षा शाखाले आफैं बैठक बोलाउन सक्नेछ ।"

८. मूल नियमावलीको परिच्छेद–३ ख. मा शीर्षक थपः मूल नियमावलीको परिच्छेद–३ ख. मा देहायको शीर्षक थपिएको छः–

"आर्थिक भार व्यहोर्ने विद्यालयको विद्यालय सहयोग समितिको गठनः–"

९. मूल नियमावलीको नियम १५ मा संशोधनः मूल नियमावलीको नियम १५ को सट्टा देहायको नियम १५ राखिएको छः–

"१५. परीक्षाको संचालन र नियन्त्रणः (१) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (स्कूल लिभिंग सर्टिफिकेट एक्जामिनेशन) सम्बन्धी काम श्री ५ को सरकार, शिक्षा मन्त्रालय, परीक्षा नियन्त्रण कार्यालयबाट गरिनेछ ।

(२) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको नीति निर्धारण, संचालन र र नियन्त्रण गर्नको लागि देहायका सदस्यहरू भएको एउटा परीक्षा समिति रहनेछः–

५४६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सचिव, शिक्षा मन्त्रालय– अध्यक्ष
(ख) सह-सचिव, शैक्षिक प्रशासन महाशाखा, शिक्षा मन्त्रालय– सदस्य
(ग) रजिष्ट्रार, त्रिभुवन विश्वविद्यालय– सदस्य
(घ) वरिष्ठ विज्ञ, पाठ्यक्रम पाठ्य पुस्तक तथा निरीक्षण विकास केन्द्र– सदस्य
(ङ) श्री ५ को सरकारबाट मनोनीत क्षेत्रीय शिक्षा निर्देशकहरू मध्येबाट दुई जना– सदस्य
(च) श्री ५ को सरकारबाट मनोनीत चार विकासक्षेत्रबाट प्रतिनिधित्व हुने गरी चार जना माध्यमिक विद्यालयको प्रधानअध्यापकहरू– सदस्य
(छ) परीक्षा नियन्त्रक– सदस्य-सचिव

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी परीक्षा समितिको सदस्यहरू थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) खण्ड (ङ) र (च) मा उल्लेख भएका सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

(५) आवश्यकतानुसार अध्यक्षको अनुमतिले परीक्षा समितिको बैठकमा अन्य कुनै विशेषज्ञलाई भाग लिन आमन्त्रण गर्न सकिनेछ ।"

१०. मूल नियमावलीको नियम १६ मा संशोधन: मूल नियमावलीको नियम १६ को उप-नियम (१) को खण्ड (ख)को सट्टा देहायको खण्ड (ख) राखिएको छ:–

"(ख) परीक्षाफल निकाल्ने र उत्तीर्ण परीक्षार्थीहरूलाई प्रमाणपत्र दिने,"

११. मूल नियमावलीको नियम २० मा संशोधन: मूल नियमावलीको नियम २० को उप-नियम (१) पछि देहायको उप-नियम (२) थपिएको छ:–

"(२) क्षेत्रीय शिक्षा निर्देशनालयको प्रमुखले आफ्नो क्षेत्रभित्रका विद्यालयका शिक्षकहरूलाई सोही क्षेत्रभित्रका अन्य विद्यालयहरूमा सरुवा गर्न सक्नेछ ।

तर एक क्षेत्रको शिक्षकको अर्को क्षेत्रमा सरुवा सम्बन्धित क्षेत्रको निर्देशनालयको प्रमुखको सहमतिले मात्र हुन सक्नेछ ।"

१२. मूल नियमावलीको नियम २३ मा संशोधन: मूल नियमावलीको नियम २३ को उप-नियम (१) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ:–

"(घ) जिल्ला पञ्चायतको प्रतिनिधि एकजना– सदस्य"

५८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. मूल नियमावलीको नियम २४ मा संशोधनः मूल नियमावलीको नियम २४ को उप-नियम (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) विद्यालयका गैर सरकारी शिक्षक तथा कर्मचारीको नियुक्ति र पदोन्नतिको लागि सिफारिश गर्ने र बर्खास्त गर्ने सम्बन्धमा परामर्श दिने।"

१४. मूल नियमावलीको नियम २७ मा संशोधनः मूल नियमावलीको नियम २७ को खण्ड (छ) र (ज) को सट्टा देहायको खण्ड (छ) र (ज) राखिएका छन्ः–

"(छ) विद्यालयको वार्षिक बजेट सहयोग समितिबाट स्वीकृत गराई जिल्ला कार्यालय, शिक्षा शाखामा पठाउने,

(ज) जिल्ला शिक्षा समितिले दिएको निर्देशन र सहयोग समितिबाट आफूले पाएको अधिकारभित्र रही स्वीकृत बजेट रकम खर्च गर्ने, आम्दानी खर्चको हिसाब किताब अद्यावधिक राख्ने, राख्न लगाउने र लेखापरीक्षण गराउने।"

१५. मूल नियमावलीको नियम २८ मा संशोधनः (१) मूल नियमावलीको नियम २८ को,–

(१) उप-नियम (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) विद्यालयको प्रधानअध्यापक, शिक्षक वा कर्मचारीलाई नोकरीबाट बर्खास्त गर्ने गरी विभागीय सजाय गर्ने सम्बन्धमा जिल्ला शिक्षा अधिकारीलाई र अन्य विभागीय सजाय गर्ने सम्बन्धमा प्रधानअध्यापकको हकमा विद्यालय सहयोग समितिलाई अन्य शिक्षक वा कर्मचारीको हकमा प्रधानअध्यापकलाई।"

(२) उप-नियम (३) मा रहेको "प्रधानअध्यापकले" भन्ने शब्दहरूको सट्टा "प्रधानअध्यापक र विद्यालय सहयोग समितिले" भन्ने शब्दहरू राखिएका छन्।

१६. मूल नियमावलीमा नियम ४४ क. थपः मूल नियमावलीको नियम ४४ पछि देहायको नियम ४४ क. थपिएको छः–

"४४ क. निमित्तको व्यवस्थाः विद्यालयका प्रधानअध्यापकको पद कुनै कारणवश खालि रहन आएमा सो पदको लागि न्यूनतम योग्यता नपुगेको शिक्षकहरूबाट प्रधानअध्यापकको कार्य संचालन गराउन पर्ने स्थिति भएमा जिल्ला शिक्षा अधिकारीले त्यस्तो शिक्षकलाई निमित्त गराई काम लगाउन सक्नेछ। यसरी निमित्त भई काम गर्ने शिक्षकलाई श्री ५ को सरकारद्वारा तोकिए अनुसारको भत्ता प्रदान गरिनेछ।"

१७. मूल नियमावलीको नियम ४७ मा संशोधनः मूल नियमावलीको,–

(१) नियम ४७ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः–

"(घ) तल्लो पद वा त्यही पदको तल्लो स्केलमा घटुवा गर्ने,"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) नियम ४७ को खण्ड (घ) पछि देहायको खण्ड (ङ) र (च) थपिएका छन् :–

"(ङ) भविष्यमा शैक्षिक नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने,

(च) भविष्यमा शैक्षिक नोकरीको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।"

१८. मूल नियमावलीमा नियम ४७ क., ४७ ख. र ४७ ग. थप: मूल नियमावलीको नियम ४७ पछि देहायको नियम ४७ क., ४७ ख. र ४७ ग. थपिएका छन्:–

"४७ क. नोकरीबाट बर्खास्त गर्ने: देहायको अवस्थामा कुनै शिक्षक वा कर्मचारीलाई सजाय गर्न पाउने अधिकारीले नोकरीबाट बर्खास्त गर्न आदेश दिन सक्नेछ:–

(क) अयोग्यताको कारणले शिक्षक वा कर्मचारीले आफ्नो काम र जिम्मेवारी पूरा गर्न नसकेमा,

(ख) राजनीतिमा भाग लिएमा,

(ग) बराबर अनुशासनहीनताको काम गरेमा,

(घ) नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतमा अपराधी प्रमाणित भएमा,

(ङ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा,

(च) विद्यालयको समयमा बारम्बार मादक पदार्थ सेवन गरेमा,

(छ) भ्रष्टाचार गरेमा,

(ज) आचरणसम्बन्धी नियमहरू बारम्बार उल्लंघन गरेमा ।

४७ ख. सजायसम्बन्धी कार्यविधि: (१) सजाय दिन पाउने अधिकारीले कुनै शिक्षक वा कर्मचारीलाई सजाय गर्ने आदेश दिनुभन्दा अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौका दिनुपर्छ । यसरी सफाइको मौका दिंदा निजमाथि लगाइएको आरोप र सजाय स्पष्ट रूपले किटिएको हुनुपर्छ ।

तर विभागीय सजाय दिन पाउने अधिकारीको चित्तमा सफाइको मौका दिंदा अव्यवहारिक हुन्छ भन्ने लागेमा निजले त्यसको कारण खुलाई पर्चा खडा गरी क्षेत्रीय शिक्षा निर्देशनालयको प्रमुखको सहमति लिई विभागीय सजाय दिन सक्नेछ ।

(२) कुनै शिक्षक वा कर्मचारीलाई सजायको आदेश दिनुभन्दा अघि कुनै कुरा जाँचबुझ गर्नु परेमा बढीमा तीन महीनासम्म निजलाई सजाय दिन पाउने अधिकारीले निलम्बन गर्न सक्नेछ ।

५५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यस नियमबमोजिम कुनै शिक्षक वा कर्मचारी निलम्बन भएमा सो निलम्बन अवधिभर आफ्नो तलबको एक-चौथाई मात्र पाउनेछ ।

तर लागेको अभियोग प्रमाणित नभई सफाइ पाएमा निज सो अवधिको निलम्बनमा रहेको अवस्थामा चौथाई तलब पाएको भए सो कटाई नपाएको भए पूरै तलब पाउनेछ ।

४७ ग. परामर्श लिनु पर्ने: सजाय दिन पाउने अधिकारीले कुनै शिक्षक वा कर्मचारीलाई नियम ४७ क. बमोजिम नोकरीबाट बर्खास्त गर्दा जिल्ला शिक्षा आयोगको परामर्श लिनु पर्नेछ ।"

आज्ञाले--

तेजबहादुर प्रसाई

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५५२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।